

भानु नगरपालिकाको चौधौं नगरसभामा

नगर प्रमुख श्री आनन्दराज त्रिपाठीबाट प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक

# नीति तथा कार्यक्रम

भानु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार तनहुँ, गण्डकी प्रदेश, नेपाल

*"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो"*

नगरसभाका सभासद ज्यूहरु
राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित महानुभावहरु,
यस भानु नगरपालिकाको गरिमामय चौधौं नगर सभामा आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु ।

नेपालको संविधान, (२०७२) मा स्थानीय शासन सम्बन्धी भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारले बनाएको सोहौं आवधिक योजनाका दिर्घकालीन लक्ष्य, उद्देश्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोगले जारी गरेको दिग्दर्शन एवं मार्गदर्शन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, दिगो विकासका लक्ष्य २०३० को मार्गचित्र, भानु नगरपालिकाको आवधिक योजना सहित भानु नगरको गाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनैतिक दल एवं सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाई आधारको रुपमा ग्रहण गरी यस नीति तथा कार्यक्रम "साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो" भन्ने दिर्घकालीन सोचलाई आत्मसात गर्दै भानु नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमले राजस्व क्षमता अभिवृद्धि गर्ने र सिर्जनात्मक अभ्यासबाट गतिशील योजना तथा बजेट तर्जुमा गर्दै "समृद्ध नगर, सुखी नागरिक" को लक्ष्य प्राप्त गर्ने विश्वास लिएको छु ।

यस अवसरमा लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्था स्थापनार्थ विभिन्न अवधिका नागरिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

राष्ट्रको अग्रगामी परिवर्तनका लागि भएका राष्ट्रियता, लोकतन्त्र, समाजवादको संघर्षमा अगुवाई गर्नुहुने सबै अग्रजहरुको योगदानको सम्मान गर्न चाहन्छु ।

"समृद्ध नगर, सुखी नागरिक" युक्त भानु नगर निर्माण गर्ने हाम्रो संकल्प पुरा गर्ने कार्यमा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गरेका छौं। गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय

आर्थिक विकास मार्फत् समग्र विकासको समुन्नत भानु नगरको लक्ष्य हाँसिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी एवं सहभागितामा विकास गरिनेछ ।

संघ, प्रदेश साझा विषयका अधिकार क्षेत्रको सम्बन्धमा नगरपालिकालाई अधिकतम प्रतिफल प्राप्त हुने गरी स्थानीय अवसरलाई उपयोग गर्ने र विकास समृद्धि र सुशासनमा पहिचान कायम गर्दै नमूना नगरको रुपमा स्थापित गर्नका लागि कार्यगत उत्कृष्ट अभ्यासहरुको अनुशरण तथा नवप्रवर्तनशील कार्यहरुमा विशेष जोड दिइनेछ।

युवा जनशक्तिलाई स्थानीय स्तरमै टिकाई आय, उत्पादन र रोजगारीका कार्यलाई प्रवर्द्धन गर्ने, उत्पादनमा आधारित कृषि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, मानव संसाधन विकासका लागि सबल संस्था विकास गर्ने कार्य र पूर्वाधारको दिगोपना कायम गर्ने विषयहरु नीति कार्यक्रमको केन्द्रको रुपमा रहनेछन् ।

हरेक दिन युवाहरु रोजगारिका अवसरका लागि गाउँ छाडी विदेशिनु पर्ने अवस्थालाई गम्भीर बनाएको सन्दर्भमा विविध कारणले आन्तरिक र वाह्य बसाईंसराइको कारण गाउँहरु सुनसान र प्रौढ वस्तीको रुपमा स्थापित भइरहेका छन्। खेतियोग्य भूमिहरु बाँझो हुन पुगेका छन्। यस परिवेशमा Youth less and toothless जनसांख्यिक संरचनामा भएको वस्तुस्थितिलाई पूर्वसंरचित बनाउन युवाहरुलाई नगरभित्र नै उत्पादन र रोजगारीका अवसर सिर्जना गर्ने र गाउँघर बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको प्रत्याभूत गराउन नगरपालिकाको क्षमता विकास गर्ने अपरिहार्यताको लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाह व्यापक र प्रभावकारी बनाउन जरुरी देखिन्छ ।

**नगर सभाका सदस्य ज्युहरु,**

अब म नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को प्राथमिकताका क्षेत्रहरु
प्रस्तुत गर्न चाहन्छु :

१. सर्वसुलभ एवं स्वस्थ्यमा सहज पहुँच
२. गुणस्तरीय शिक्षा

३. कृषि तथा पशुपालन तथा रैथाने वाली संरक्षण, प्रबर्द्धन तथा बजारीकरण
४. सुशासन अभिवृद्धि
५. दिगो लक्ष्य प्राप्तिका भौतिक पूर्वाधार संरचना निर्माण
६. वातावरण संरक्षण, विपद तथा आपतकालीन व्यबस्थापन
७. सामाजिक सुरक्षा
८. उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्तन
९. सार्वजनिक जग्गाको संरक्षण तथा निजी-सहकारी साझेदारी
१०.पर्यटन विकास

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

आजको यस अवसरमा नगरलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागि सम्पूर्ण नगरवासीमा हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै सिमित श्रोत र साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्वाङ्गिण विकास गर्ने स्पष्ट दृष्टिकोण गन्तव्य र लक्ष्य सहित चालु आर्थिक वर्षमा नगरपालिकाले हासिल गरेका प्रमुख उपलब्धि, प्रगति र अनुभवलाई आधार मानी प्रस्तुत नीति तथा कार्यक्रम संक्षिप्त रुपमा सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति**

**<u>शिक्षा तर्फः</u>**

१. भानु नगरपालिकको पञ्चवर्षीय नगर शिक्षा योजना बमोजिमका शैक्षिक कार्यक्रमलाई व्यवस्थित, प्रणालीगत र योजनवद्ध रुपमा अघि बढाइनेछ ।
२. सामुदायिक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत कार्यरत सम्पुर्ण शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको न्यूनतम् पारिश्रमिक कायम तथा थप गरी उनीहरुको मनोबल उच्च बनाइनेछ ।
३. विद्यालय तहको आधारको रुपमा रहेको बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको क्षमता विकास गरी उनीहरुलाई आफ्नो कार्य सम्पादनमा सक्षम बनाइनेछ ।

४. सामुदायिक विद्यालयमा महिला शिक्षक सुत्केरी हुँदा लिइने लामो बिदाको अवस्थामा विद्यालयको पठनपाठन अवरुद्ध नहोस् भन्ने उद्देश्यले उक्त अवधिका लागि स्वयमसेवक शिक्षक परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. भानु नगर भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षामा पहुँचको सुनिश्चितता गर्न सबै विद्यालयहरुमा बालमैत्री वातावरणको निर्माण गरिनेछ ।

६. भानु नगरपालिकामा सञ्चालन भएका प्राविधिक शिक्षालयहरुमा तीनवर्षे कोर्समा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई वार्षिक रुपमा दिइदै आएको प्राविधिक शिक्षा छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

७. सामुदायिक विद्यालय प्रति सरोकारवालाहरुको अपनत्व वृद्धि गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले भानु नगरपालिकाका सरकारी तलब भत्ता तथा सुविधा लिने संपूर्ण सरकारी कर्मचारीहरु, जनप्रतिनिधिहरु, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुका बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा नै भर्ना गर्न प्रोत्साहन गर्ने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८. भानुको भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, भाषिक, धार्मिक एवं पर्यटकीय क्षेत्रको पहिचान दिलाउने गरी निर्माण भएको आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम तथा सो बमोजिम निर्माण गरी निःशुल्क वितरण गरिएका पाठ्यपुस्तकलाई भानु नगरपालिकाका सम्पूर्ण विद्यालयमा प्रभावकारी ढंगले लागु गरिनेछ ।

९. सबै विद्यालयहरुलाई आधुनिक सूचना प्रविधिको प्रयोगका लागि सक्षम बनाइनेछ र यसका लागि आधारभूत तथा माध्यमिक तहका शिक्षकहरुलाई आधुनिक सूचना प्रविधि सम्बन्धी पेशागत तालिम दिई सक्षम बनाइनेछ ।

१०. विद्यालयको भौतिक पुर्वाधार निर्माण तथा मर्मतसम्भारको कार्यलाई निरन्तरता दिँदै विद्यालयमा अनुकूल शैक्षिक वातावरण निर्माण गरिनेछ ।

११. शिक्षक डायरीको प्रयोग, कक्षागत र विषयगत शैक्षिक उपलब्धि, सिर्जनशीलता, पेशा प्रतिको इमान्दारिता जस्ता कार्यसम्पादन सूचकका आधारमा शिक्षक कर्मचारीलाई सम्मान एवम् प्रोत्साहन गरिनेछ ।

१२. शिक्षा दिवस समारोहको आयोजना गरी शिक्षा क्षेत्रको विकासको समीक्षा गर्दै विभिन्न रचनात्मक कार्यक्रमहरुका साथ भानुको शैक्षिक उन्नयनमा योगदान पुर्‍याउने विभिन्न शैक्षिक सरोकारवालाहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

१३. प्रत्येक विद्यालयको पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण कार्यान्वयन तथा अपनत्वको भावना जागृत गराउनका लागि सरोकारवालाको क्षमता विकास गरिनेछ ।

१४. विद्यालयहरुमा हरियाली प्रबर्द्धन, वातावरणीय स्वच्छता, क्षमता विकास, स्वयमसेवा र सुरक्षित वातावरण (Green, Clean, Peace and Safe) निर्माणका लागि युनेस्को सम्बद्ध संघसंस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१५. हाल विद्यालयमा लागु भैरहेको नयाँ एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै आधारभूत तह कक्षा १-३ मा सुधारात्मक मूल्याङ्कन पद्धति अनुसार विद्यार्थीको मूल्याङ्कन एवम् अभिलेख प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।

१६. शिक्षक र विद्यार्थीहरुमा शैक्षिक सामग्री निर्माण गर्ने सीपको विकास गरी सिर्जनात्मकतालाई प्रोत्साहन गर्न शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदर्शनीको आयोजना गरिनेछ ।

१७. विद्यालय शिक्षालाई गुणस्तरीय, समयसापेक्ष र सुशासनयुक्त बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा सरोकारवालाहरुको क्षमता विकासका लागि अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

१८. आधारभूत तहदेखि माध्यमिक तहसम्मका बालबालिकाहरु बीच विभिन्न अतिरिक्त क्रियाकलापहरुमा स्वस्थ प्रतिस्पर्धा गराई बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फूटन गरी प्रोत्साहन गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१९. विद्यालयका प्रधानाध्यापक तथा लेखा शिक्षकहरुलाई आधुनिक लेखा व्यवस्थापन सम्बन्धी क्षमता विकासको तालिम दिई आर्थिक पारदर्शिता र शैक्षिक सुशासन कायम गरिनेछ ।

२०. कक्षा ५, ८ र १० को अन्तिम परीक्षामा विषयगत उत्कृष्ट औसत सिकाइ उपलब्धि हासिल गराउने विषयगत शिक्षक तथा मेधावी विद्यार्थीहरुलाई पुरस्कृत गरी सिर्जनात्मक कामका लागि थप प्रेरणा र हौसला प्रदान गरिनेछ ।

२१. विद्यालय अनुगमन प्रणालीको संयन्त्र निर्माण गरी नियमित रुपमा विद्यालयको अनुगमन निरीक्षण तथा सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण दिने र शिक्षकको पेशागत विकासका लागि अनुकूल वातावरण निर्माण गरिनेछ ।

२२. विद्यालयस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तथ्याङ्कलाई अध्यावधिक र चुस्त बनाउन सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

२३. विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको पहिचान एवं विद्यालयमा रहेका विद्यार्थीको भर्नादर वृद्धि, निरन्तरता, शैक्षिक उपलब्धिमा बढोत्तरी र पोषण अवस्थामा सुधार ल्याउने उद्देश्यले बाल विकास केन्द्रदेखि आधारभूत तहमा संघीय सरकारले दिने वाहेक दिवा खाजामा नगरपालिकबाट रकम थप एवं कक्षा ६ सम्मका बालबालिकाहरुका लागि नगरपालिकाबाट दिवा खाजाको प्रबन्ध गरिनेछ ।

२४. नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ लगायतका विद्यालय स्तरीय सबै परिक्षाहरुलाई अनुशासित र मर्यादित रुपमा सञ्चालन गरिनेछ । यसका लागि नगरस्तरीय परीक्षा समितिलाई थप सक्रिय बनाइनेछ ।

२५. नगर र विद्यालयस्तरीय वार्षिक शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित गरी योजनाबद्ध रुपमा कार्यान्वयन गर्नका लागि वार्षिक पाठयोजना सहितको सूचनामूलक शैक्षिक पात्रो (Academic Calendar) निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६. विद्यालय स्तरमा वातावरणीय स्वच्छता, स्वयमसेवा, आत्मरक्षा सीप विकास र अनुशासन कायम गर्ने उद्देश्यले गठित स्काउट, इको क्लब, ग्रीन क्लब, जुनियर रेडक्रस सर्कल, बालक्लब आदिलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## युवा तथा खेलकुद

२७. युवाहरुलाई सीप, पुँजी र प्रविधि हस्तान्तरण गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. युवाहरुमा बढ्दो लागुऔषधको दुर्व्यसनीको कुलतबाट जोगाउनका लागि विषय विज्ञहरुमार्फत् विद्यालय तहमा समेत सचेतना अभियानहरु सञ्चालन गरिनेछ ।

२९. भानु नगरस्तरीय खेलकुद विकास समिति मार्फत् खेल क्षेत्रको विकासलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी ढङ्गले अघि बढाइनेछ ।

३०. राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा सबै प्रकारका खेल विधा समेटेर सहभागितामूलक रुपमा व्यवस्थित ढंगले सञ्चालन गरी उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरी प्रोत्साहित गरिनेछ

३१. विद्यालयका शिक्षकहरुमा भएको प्रतिभालाई उजागर गर्नका लागि अन्तर विद्यालय विविध खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।त्यसैगरी जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी बीच मैत्रीपूर्ण खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

३२. नगर भित्रका युवाक्लबहरु लगायत अन्य युवाहरुलाई खेल प्रति आकर्षित गर्दै शारीरिक तन्दुरुस्ति र मानसिक स्फूर्तिका लागि वडा कप, मेयर कप प्रतियोगिता लगायत विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३. **Green Army** (ग्रीन आर्मी) कार्यक्रमलाई विस्तार तथा थप प्रभावकारी बनाइनेछ ।

## स्वास्थ्य सेवा

३४. नगरवासीहरुलाई मौलिक अधिकारका रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ ।

३५. स्वास्थ्य सेवामा गरिब सिमान्तकृत र जोखिममा रहेका समुदायको पहुंच सुनिश्चित गर्न समतामुलक र सामाजिक न्यायको रुपमा लक्षित वर्ग बिशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३६. नागरिकहरुको सर्वसुलभ ढंगले गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितताका लागि स्वास्थ्य सेवामा निजी लगानी प्रबर्द्धन गर्दै निजी स्वास्थ्य संस्थाहरुलाई पनि सहभागी गराइनेछ ।

३७. सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रदान गरीने सम्पुर्ण स्वास्थ्य सेवाको नियमन गरी स्वास्थ्य सेवा प्रवाहलाई जवाफदेही बनाईनेछ ।

३८. शुल्क कै कारणले गर्दा कुनै पनि नागरिकलाई स्वास्थ्य सेवा बाट बञ्चित गराइने छैन । अति विपन्न परिवारको लागि स्वास्थ्य उपचारको लागि निःशुल्क अस्पताल सम्म आउने जानेको व्यवस्थापन गर्ने नीति लिईनेछ ।

३९. महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्गको अभियानलाई निरन्तरता दिइनेछ ।

४०. पुरनडिही नगर अस्पतालको अत्याधुनिक भवन निर्माण कार्यलाई आगामी वर्ष भित्रमा सम्पन्न गरी नयाँ भवन बाट सेवा सुरुवात गरिनेछ साथै नवीनतम प्रविधि अपनाई प्रयोगशाला तथा एक्स-रे सेवा पुर्ण रुपमा डिजिटल गराइनेछ।

४१. नगरस्तरीय अस्पताल कालिमाटीको नयाँ भवन निर्माण कार्यलाई तिब्रता दिई आगामी २ बर्ष भित्र सम्पन्न गरी नयाँ भवनबाट सेवा सञ्चालन गरिनेछ ।

४२. गुणस्तरीय आधारभुत स्वास्थ्य सेवामा नगरवासीको पहुँच सुनिश्चित गर्न जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइने छ । स्वास्थ्य सेवालाई जनताको घरदैलोमै पुर्‍याउनका लागि खोप क्लिनीक, गाउँघर क्लिनिक लगायत सामुदायिक सेवालाई निरन्तरता दिदै यसमा संलग्न जनशक्तिलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

४३. क्यान्सर, मुटु, मिर्गौला, स्पाईनल ईन्जुरी लगायतका उपचारमा अति विपन्न बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४४. पुर्णखोप सुनिश्चितता उपलब्धिको दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। **"स्वस्थ बालबालिका नगरको भविष्य"** भन्ने नाराका साथ बाल स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. नगरभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाबाट नेपाल सरकारले तोकेका सम्पूर्ण औषधिहरु सहज र सुलभ रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।साथै पुरनडिही नगर अस्पतालमा स्वास्थ्य बिमा फार्मेसी सेवा सञ्चालन गरी नागरिकहरुलाई सर्वसुलभ रुपमा औषधि उपलब्ध गराउने प्रक्रियाको थालनि गरिनेछ ।

४६. स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ एंव व्यवस्थित गर्दै उक्त सेवालाई नगरस्तरीय अस्पताल कालिमाटीमा समेत विस्तार गरिनेछ । यस कार्यक्रममा विपन्न नागरिकका परिवार,

ग र घ वर्गका अपाङ्ग नागरिक, वेपत्ता पारिएका र शहीद परिवार लगायतलाई प्राथमिकतामा राखी सहभागी गराइनेछ ।

४७. स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी र गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।साथै सबै स्वास्थ्य संस्थाहरुलाई प्राविधिक जनशक्ति र उपकरणले सुदृढ गराइनेछ ।

४८. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रण गर्न व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

४९. स्वास्थ्य सेवामा तथ्यमा आधारित निर्णयका लागि स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीको प्रयोग तथा उपयोगलाई थप ब्यवस्थित गर्दै स्वास्थ्य सम्बन्धी क्रियाकलापहरुको अभिलेख तथा प्रतिवेदन प्रविधिमैत्री बनाउन डिजिटलाइज गर्दै लगिनेछ ।

५०. विशेषज्ञ सेवाको प्रारम्भ गर्दै पालिका भित्र रहेका दुबै अस्पतालबाट मासिक रुपमा बिशेषज्ञ सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

५१. मातृ शिशु सेवा, खोप, प्रजनन स्वास्थ्य सेवालाई थप व्यवस्थित र समय अनुकुल स्तरीय बनाउदै लगिनेछ साथै खोप, पोषण, प्रजनन् स्वास्थ्य सेवाहरुको जानकारी एस.एम.एस मार्फत सम्बन्धित सेवाग्राहीलाई जानकारी गराउने ब्यवस्था मिलाइने छ।

५२. नगरका जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै जेष्ठ नागरिकको स्वास्थ्य उपचार प्रणालीलाई निरन्तरता दिंदै थप सुदृढीकरण गरिनेछ ।

५३. क्षयरोगमुक्त अभियानलाई निरन्तरता दिदै भानु नगरपालिकामा २ वर्षमा क्षयरोगलाई शुन्य गरिने लक्ष्य लिईनेछ ।

५४. पुरनडिही नगर अस्पतालमा सञ्चालित आयुर्बेद कार्यक्रमलाई थप बिस्तार गर्दै पुर्वकर्म, पञ्चकर्म, जीवन विज्ञान, विराट चक्र तथा योग जस्ता कार्यक्रमहरु माग र आवश्यकताका आधारमा जनप्रतिनिध, कर्मचारी तथा आम नागरिकहरुका लागि सञ्चालन गर्न आवश्यक संयोजन, व्यवस्थापन तथा सहजीकरण गरिनेछ ।

५५. टुहुरेपसल आयुर्वेद औषधालयको नबनिर्मीत अत्याधुनिक भवन बाट आयुर्वेद सेवा सुरुवात गरिनेछ ।

५६. स्वास्थ्य सेवामा आयुर्बेद लगायत बैकल्पिक चिकित्सा पद्वतिलाई क्रमशः समावेश गर्दै लगिनेछ ।

५७. जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षणका लागि नगर भित्रका स्वास्थ्यकर्मी परिचालन गरी प्रत्येक महिनामा घर घरमा प्राथमिक स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।

**<u>कृषि तर्फः</u>**

५८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गरिनेछ । तीनै तहका सरकार बीच समन्वयमा सामुहिक तथा करार खेतिलाई प्रोत्साहित गर्दै उत्पादित वस्तुको बजारीकरण गरिनेछ । एकिकृत राष्ट्रिय अनुदान सम्बन्धी कानुन एवं कृषि अनुसन्धान नीति तर्जुमा गरिनेछ ।

५९. गुणस्तरीय बीउ विजनमा यस नगरपालिकालाई आत्मनिर्भर बनाईनेछ । रैथाने वाली, बिउ विजन, डाले तथा भुई घाँस उत्पादन स्रोत केन्द्रको स्थापना गरि नगरलाई विउविजन र घाँसको विरुवामा आत्मनिर्भर बनाई अन्यत्र निकासीको वातावरण सिर्जना गरिनेछ ।

६०. कृषि जैविक विविधता संरक्षणमा सामुदायलाई प्रोत्साहन गरिनेछ । रैथाने वालीको संरक्षण र प्रर्वद्धन गर्दै कृषकहरुको माग बमोजिम हाईब्रिड तथा उन्नत जातको बीउ उपलब्ध गराइनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन  र उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६१. उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रर्वद्धन गर्न युवा लक्षित सहकारी तथा सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन वृद्धि गर्न भुमिको चक्लाबन्दीलाई प्रोत्सहान गरिनेछ ।

६२. अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । अदुवा, बेसार लगायत कृषि वस्तुको निर्यात प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ ।

६३. जलवायु परिवर्तनका असरलाई न्यूनीकरण एवं अनुकुलका उपायहरु अबलम्बनलाई प्राथमिकताका साथ अगाडि बढाउन जलवायुमैत्री कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्सहान गरिनेछ ।

६४. नगरपालिकाको कृषि विकासको लागि तयार भएको रणनीति, आवधिक योजनालाई समेट्ने गरी कार्यक्रम संचालनका लागि योजना तयार गरिनेछ ।

६५. माटो परिक्षणका आधारमा पकेट क्षेत्र निर्धारण गरी कृषिलाई विविधीकण र व्यवसायीकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउदै लगिनेछ । खाद्यान्न वाली, अदुवा, वेसार सन्तला, एभोकाडो, कागती, लिची, गोलभेडा, आलु उत्पादनको विशेष क्षेत्र तोकी कार्यक्रम संचालन गरिनेछ ।

६६. कृषिजन्य उत्पादित वस्तुहरुको बजारीकरणको लागि कृषि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।

६७. व्यवसायिक कृषि जन्य उत्पादनलाई प्रोत्साहन गरी आत्मनिर्भरता तर्फ उन्मुख गराईनेछ ।

६८. माध्यामिक विद्यालय (मा.वि.) सञ्चालन भएको कुनै एउटा विद्यालय छनोट गरी पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ ।

६९. बांदर आतंकलाई एवं बांदरबाट कृषिजन्य उपजको क्षतिलाई न्यूनीकरण गर्नको लागि वन्यजन्तु संरक्षण एवं वनको बाँदर वनैमा रहने वातावरण सिर्जना हेतु वनजंगलमा फलफुलका बोटविरुवाहरु लगाइने कार्यक्रम अघि बढाइनेछ ।

**७०.** चिया, अलैंची र अदुवा आदि कृषि उपजको उत्पादनको लागि विशेष कार्यक्रम सञ्चालन गरी कृषिलाई पर्यटनसँग जोड्ने वातावरणको सिर्जना गरी कृषक तथा युवालाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**पशुपंक्षी तथा मत्स्य विकास तर्फः**

७१. भानु नगरपालिकालाई दुध,अण्डा,मासु र माछामा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपालक कृषकलाई प्रोत्साहान गर्ने नीति अवलम्वन गरिनेछ ।

७२. पशुबाट मानिसमा सर्ने रोगहरु फैलिन नदिनका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७३. घाँस खेतीमा आधारित पशुपालन गरी उत्पादन लागत कम गर्न घाँस विकास कार्यक्रमलाई जोड दिइनेछ ।

७४. यस नगरपालिका भरिका कृषकहरुले पालन गर्दै आएका सबै पशुहरुमा खोप कार्यक्रम संचालन गरी पुर्ण पशु खोपयुक्त नगरपालिका बनाउन कार्यक्रम संचालन गरिनेछ ।

७५. एक वडा एक पशु उत्पादन कार्यक्रम लाई जोड दिइनेछ।

७६. पशु स्वास्थ्य र बाझोपन न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।

७७. पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

७८. मासु तथा दुग्ध पसल संचालन तथा सुधारमा प्रोत्साहन गरिनेछ ।

७९. पशुपालन क्षेत्रमा लगानी वृद्धि गर्ने सरल कर्जा नीति अवलम्वन गरिनेछ ।

८०. कृषि तथा पशु पालन गर्न युवा कृषकलाई प्रोत्साहान नीति ल्याइनेछ।

८१. उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई क्रमश लागु गर्दै लाने नीति अवलम्वन गरिनेछ ।

८२. पशु उत्पादनको बजार व्यवस्था मिलाउन कार्यक्रम संचालन गरिनेछ ।

८३. पशुपंक्षी पालन कार्यक्रम लाई व्यवस्थित बनाउन अनुदानको कार्यक्रम लाई थप प्रभावकारी बनाईनेछ।

८४. रेबिज रोग नियन्त्रण गर्न सामुदायिक छाडा कुकुरलाई बन्ध्याकरण तथा खोप संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५. कृषि तथा पशु बिमा कार्यक्रम पुर्ण रुपमा लागु गर्न व्यवस्था मिलाइनेछ ।

८६. "पशु स्वास्थ्यमा नगरपालिका को टेवा खोर गोठमा प्राविधिक सेवा" भन्ने नाराका साथ विभिन्न रोग नियन्त्रणका लागि निशुल्क पशु खोप, स्वास्थ्य शिविर, पशुपंक्षी तथा मत्स्यको उपचार, परजीवी नियन्त्रण सेवा जस्ता कार्यक्रम संचालन गरिनेछ ।

८७. स्थानीय स्तरमा रहेका स्थानीय जातका पशुपंक्षीको स्रोत संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

८८. पशुपालन क्षेत्रमा प्रयोग हुने यन्त्र तथा उपकरणको प्रयोग गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रीकरण कार्यक्रम संचालन गरिनेछ ।

८९. स्वस्थ्य र स्वच्छ पशुपंक्षी उत्पादन तथा उपभोगका लागि रासायनिक र एन्टीबायोटिकको व्यवस्थित प्रयोग बारे सचेतना फैलाउने कार्यक्रम संचालन गरिनेछ ।

९०. "गोठ देखि ओठ सम्म" भन्ने नाराका साथ पशुपंक्षीजन्य उत्पादनलाई सुरक्षित भण्डारण तथा बजारीकरणमा जोड दिइनेछ ।

९१. जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनको असर कम गर्नका लागि वातावरणमैत्री कार्यक्रम संचालन गरिनेछ ।

९२. पशुपालनसम्बन्धी नयाँ प्रविधिको प्रचार प्रसारको लागि तालिम भ्रमण लगायतका कार्यक्रम संचालन गरिनेछ ।

९३. पशु सेवा तथा स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीलाई क्षमता अभिवृद्धि गर्नका लागि कार्यक्रम संचालन गरिनेछ ।

९४. विपद तथा महामारी रोग बाट क्षति भएका पशुपंक्षीको राहतको लागि कार्यक्रम संचालन गरिनेछ ।

९५. कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. कृषि प्रर्दशनीको माध्यम बाट पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ ।

९७. पालिका भित्र संचालनमा रहेका पशुपंक्षी तथा मत्स्य फर्म, एग्रोभेट, ह्याचरी, डेरी, मासु तथा माछा पसल, बधशालाको नियमित रुपमा अनुगमन गर्न भेटेरिनरी निरीक्षण कार्यक्रम संचालन गरिनेछ ।

**सामाजिक समावेशीकरण**

९८. भानु नगरपालिकाका प्रत्येक वडामा क्रमश: बालमैत्री स्थानीय शासन कार्यक्रम(CFLG) सञ्चालन गरी प्रत्येक वर्ष बालमैत्री वडा घोषणा गर्दै लगिनेछ र वि. सं. २०८७ सम्ममा पूर्ण रुपमा बालमैत्री नगर घोषणा गरिनेछ ।

९९. दलित, जनजाती, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरीक, मुस्लिम अल्पसंख्यक तथा पिछाडिएका समुदायलाई लक्षित गरी, क्षमता बृद्धि, आय आर्जन एवं चेतनामूलक कार्यक्रम संचालन गरी विकासको मूलधारमा ल्याउन पहल गरिने छ ।

१००. लैङ्गिक तथा अपाङ्गता सम्बन्धी विभेद हटाई महिलामैत्री र अपाङ्गमैत्री नगरको रुपमा विकास गर्दै लागिनेछ । साथै नगरबाट सञ्चालन गरिने योजना र कार्यक्रमलाई लैङ्गिक र अपाङ्ग सम्बेदनशील बनाइनुका साथै महिला तथा अपाङ्ग लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१०१. बालविवाह, बहुविवाह, बालश्रम जस्ता कार्य रोकथामका लागि नेपाल प्रहरी, सामाजिक संघ संस्था सँग साझेदारीमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१०२. घरेलु हिंसा, जातीय-लैङ्गिक हिंसा, छुवाछुत, लागुपदार्थ दूर्व्यसनी, मानव बेचविखन, आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्यूनीकरण तथा नियन्त्रणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०३. महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै महिला सशक्तीकरण तथा क्षमता विकास एवं आर्थिक सशक्तीकरणका लागि जीवीकोपार्जन र उद्यमशीलताका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०४. भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री संरचनामा जोड दिइनेछ ।

१०५. न्याय सम्पादनमा सहजकताका लागि सुविधा सम्पन्न इजलास निर्माण गरिनेछ ।

१०६. न्याय सम्पादन प्रक्रियालाई आगामी दिनमा अझै व्यवस्थित, मर्यादित, विश्वासिलो बनाउदै लक्षित वर्गमा न्यायको पहुँच पुर्याइनेछ ।

१०७. प्रत्येक वडामा भएका मेलमिलाप केन्द्र मार्फत सहज रूपमा मेलमिलापका माध्यमबाट सर्वसुलभ रूपमा न्यायको पहुँच पुर्याइनेछ ।

**घटना दर्ता तथा पञ्जीकरण तर्फः**

१०८. लाभग्राहीहरूको खातामा सहजै रकम जम्मा गर्ने गरी विद्युतीय भुक्तानी प्रणाली(EFT) लाई निरन्तरता दिइनेछ ।

१०९. राष्ट्रिय परिचय नम्बर प्राप्त नगरेकालाई प्राप्त गर्न सहज बनाईनेछ ।

११०. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई पारदर्शी बनाउन आवश्यक पर्ने Laptop Computer, वायोमेट्रिक स्क्यानर डिभाइस, Wifi Dongol लगायतका उपकरणहरू मार्फत् गरिनेछ ।

**उद्योग, वाणिज्य तथा आपूर्ति तर्फः**

१११. भानु नगरपालिकामा स्थापना भएका सबै प्रकारका व्यापारिक संस्था, औद्योगिक संस्था, वित्तीय संस्था लगायत सम्पूर्ण संघ-संस्थाहरुको विषयगत प्रोफाइल अध्यावधिक गरी करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।

११२. कर प्रणालीलाई व्यवस्थित बनाई असल करदातालाई पुरस्कृत गरिनेछ।

११३. स्वंयम कर घोषणा पद्धतिलाई प्रोत्साहन गरी करदाता शिक्षालाई प्रभावकारी बनाइनेछ ।

११४. उपभोक्ता हित संरक्षण गर्न नियमित रुपमा मासिक बजार अनुगमन तथा नियमन गरिनेछ।

११५. साना तथा घरेलु उद्योग, परम्परागत पेशा व्यवसायको स्थापना, विकास, विस्तार तथा संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिईनेछ।

११६. निर्माणाधीन औद्योगिक ग्रामको समयमा नै सम्पन्न गर्नको लागि आवश्यक पहल गरिनेछ।

११७. स्थानीय उत्पादनको उत्पादकत्व र बजारीकरण वृद्धि गर्न प्राविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११८. साना तथा घरेलु उद्योग, परम्परागत पेशा व्यवसाय स्थापना, प्रवर्द्धन र विकास गरिनेछ।

११९. नगरपालिकाले सन्चालन गरेका सिपमूलक तालिमबाट उत्पादन गरेका हस्तकला सामानहरुको बजारीकरण गरिनेछ ।

१२०. घरेलु तथा सहयोगी संस्थाहरुको सहकार्यमा लघु घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गरिनेछ ।

१२१. आत्मनिर्भर आयत प्रतिस्थापन तथा निर्यातजन्य उत्पादनमा लगानी वृद्धि गरी प्रोत्सहित गरिनेछ ।

१२२. घरेलु मदिरा उत्पादन, व्यवस्थापन एवं नियमन ऐन बनाई, स्थानीय स्तरमा उत्पादित मदिरालाई घरेलु उद्योगमा आवद्ध एवं ब्रान्डिङ् गरी बजारीकरणको प्रबन्ध गरिनेछ ।

१२३. हस्तकला सम्बन्धी सिप र व्यवसाय प्रवर्दन गर्न नगरको तर्फबाट स्थानिय उत्पादन विक्री वितरण गर्न एक कोसेली घरको स्थापना गरिनेछ एवं औद्योगिक प्रदर्शनको आयोजना गरी खरीद विक्रीको व्यवस्था मिलाइनेछ ।

**पर्यटन तर्फः**

१२४. "भानु जन्मस्थल जाऊँ भानुलाई चिनाऔं" भन्ने नाराका साथ नेपाल, नेपाली र भानुवासीको पहिचान हेतु भानु जन्मस्थलको विकासको लागि शुरुवात गरिएको प्रारम्भिक गुरुयोजना अन्तर्गत आदिकवि भानुभक्तको विशाल प्रतिमा, सप्तधाम निर्माण, जग्गा अधिकरण, साहित्यिक पार्क, पूर्वाधार निर्माणको लागि संघीय सरकारद्वारा विनियोजित बजेटका साथै दातृ निकाय एवं देश विदेशमा आवश्यक समन्वय गरिनेछ ।

१२५. आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका सन्दर्भमा कार्यविधि तयार गरी अगाडि बढाइनेछ ।

१२६. नगरपालिका भित्र रहेका पर्यटकीय गाउँहरु प्राथमिकताको आधारमा नमूनाको रुपमा विकास गर्दै लगिनेछ ।

१२७. नगरपालिका भित्र रहेका पर्यटनसंग आवद्ध संस्थाहरुलाई सक्रिय र संगठित बनाउँदै पर्यटन प्रवर्द्धनलाई थप प्रभावकारी बनाइनेछ ।

१२८. नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१२९. होमस्टेहरुको संरक्षण सम्बर्द्धन, प्रवर्द्धन एवं दर्ता र नवीकरण गरी होमस्टे सर्किटको विकासका साथ नेपालको मौलिक कला र संस्कृति झल्किने खाना, पहिरन तथा रोधि, घाँटु, लाखेनाच, चुट्का, झाम्रे लगायतका पहिचान संरक्षण तथा प्रबर्द्धन हेतुले "भानु नगरको होमस्टे जाँउ" भन्ने नारालाई सार्थक तुल्याउन समुदायले सञ्चालन गरेका होमस्टे प्रबर्द्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रुपमा होमस्टे सञ्चालनमा सहयोग गरिनेछ ।

१३०. ग्रामीण पर्यटन प्रचुर संभावना रहेको धार्मिक, ऐतिहासिक, साहित्यिक, सांस्कृतिक रूपले सम्पन्न चुंदी रम्घा, थानीमाई, मिर्लुंङ्कोट, बसन्तपुर, रूपाकोट, दोरदोरकोट चेपेघाट स्थित शिवालय मन्दिर बाललहरी धाम चोककोट, गढीमाई भ्यूटावर लगायतका पर्यटकीय स्थलहरुलाई पर्यटन क्षेत्रको रूपमा विकास गरी नमूना ग्राम भ्रमणको व्यबस्था मिलाइनेछ ।

१३१. स्थानीय उत्पादित तथा हस्तकला, मूर्तिकला र काष्ठकलाको बजारीकरण प्रचार प्रसारको लागि नगरका पर्यटन सम्भावित तथा CORE LOCATION मा कोसेली घर स्थापना गरी नगरवासीलाई प्रोत्साहन गरिनेछ ।

१३२. बहुउपयोगी कर्स्यांदी खोलामा जलासय निर्माण गर्नको संघीय र प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्र तर्फः**

१३३. सहकारीको माध्यमद्वारा समाजमा छरिएर रहेको निष्क्रिय पूँजीलाई एकीकृत गरी नागरिकमा बचत गर्ने बानीको विकास गरिनेछ ।

१३४. सहकारी मार्फत सर्वसाधारणलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१३५. सहकारीको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

१३६. कृषि सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनेछ तथा सशक्तीकरणको कार्यक्रम ल्याइनेछ ।

१३७. स्थानीय सहकारी संस्थाको गठन, सञ्चालन, व्यवस्थापन तथा नियमनको लागि एकीकृत स्थानीय सहकारी ऐन, नियम, कानुन तथा मापदण्डको निर्माण तर्जुमा गरी कार्यान्वयन गरिनेछ९ ।

१३८. सहकारी संस्थाको नियमन र निरीक्षणलाई प्राथमिकता दिइनेछ ।

१३९. छरिएर रहेको निस्कृय पूँजीलाई एकिकृत गरी समुचित सदुपयोग र उत्पादन गर्न क्षमता विकास गरिनेछ ।

१४०. सहकारीलाई उद्यमशिल क्षेत्रमा लगानी गर्न प्रोत्साहनमुलक काममा लगाईनेछ ।

१४१. सहकारीलाई पूँजी निर्माणको महत्वपुर्ण माध्यमको रुपमा स्थापित गरी स्थानीय रोजगारी वृद्धि तथा स्थानीय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरणको सृजना गरिनेछ ।

१४२. सहकारी संस्था मार्फत गरिबी निवारण, रोजगारी कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यकमहरु तर्जुमा गरी लागु गरिनेछ ।

**खानेपानी तर्फः**

१४३. आगामी ३ वर्षभित्र अधिक घरधुरीलाई आधारभूत मापदण्डको सफा एंव स्वच्छ खानेपानी उपलब्ध गराइनेछ ।

१४४. खानेपानीको वितरण प्रणालीलाई थप प्रभावकारी एंब व्यवस्थित तुल्याइनेछ ।

१४५. परम्परागत पानी पोखरी, दुङ्गेधारा र मुलको संरक्षण गरिनेछ ।

१४६. नगरपालिकाको साधन र स्रोतको समुचित उपयोग गर्दै नगरपालिकाको क्षमता अनुसार एक घर एक धारा खानेपानी योजनालाई निरन्तरता दिइने साथै ठूला योजनाहरुलाई प्रदेश र केन्द्रसँग समन्वय गरी नयाँ योजनाहरुलाई अगाडि वढाउने र बहुवर्षे योजनाहरुलाई छिट्टो सम्पन्न गर्न पहल गरिनेछ ।

१४७. भानु नगरपालिका भित्र सञ्चालनमा रहेका खानेपानीहरुको मर्मत संभार कार्यलाई निरन्तरता दिइने छ। साथै सबै खानेपानी योजनाहरुलाई सुचीकरण गरिनेछ ।

१४८. साना खाले खानेपानी योजनालाई पालिका स्तरबाट निर्माण गरिनेछ ।

१४९. विद्यालयहरुमा आधारभूत मापदण्डको स्वच्छ खानेपानीको प्रबन्ध गरिनेछ ।

१५०. नगर क्षेत्र भित्र संचालित आयोजनाहरुको सम्बन्धमा नगरपालिका जलस्रोत ऐन र नियमावली बमोजिमको स्थायी उपभोक्ता समिति गठन तथा सञ्चालन गरी खानेपानीका स्रोतको सञ्चालन, मर्मत सम्भार र दिगो व्यवस्थापनको प्रबन्ध गरिनेछ।

१५१. गुणस्तरीय खानेपानी वितरणको अवधारणालाई अवलम्बन गर्दै सञ्चालित सबै आयोजनाहरुको खानेपानी परीक्षण र शुद्धीकरण अभियानको रुपमा संचालन गरिनेछ ।

१५२. खानेपानी सरसफाई तथा स्वच्छता (WASH) योजना तर्जुमा गरी योजनाबद्ध रुपमा खानेपानी र पूर्ण एवं दिगो सरसफाइको कार्यक्रम सञ्चालन गरिनेछ ।

१५३. नगरपालिकाद्वारा तर्जुमा गरिने वास योजना बमोजिमका गतिविधीहरु कार्यान्वयन गर्न संघ र प्रदेश सरकार एवं अन्य सहयोगी संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१५४. प्राकृतिक मुलहरुको पहिचान संरक्षण र सम्बर्द्धन तथा मुल दर्ताको लागि उपभोक्ता समितिलाई थप प्रभावकारी बनाईनेछ ।

१५५. धार्मिक स्थल, कोट, गढी, पदमार्ग, घरबास जस्ता महत्वपुर्ण स्थलहरुमा खानेपानीको सहज उपलब्धलाई प्राथमिकता लागि आवश्यक कार्यक्रम गरिनेछ ।

१५६. गण्डकी प्रदेश सरकारद्वारा लिफ्टिंङ् खानेपानी अनुदान एवं लिफ्टिंग सिंचाईमा शत प्रतिशत अनुदान दिने व्यबस्था भएकोमा नगर भित्र आवश्यकताको पहिचान गरी कार्यक्रमहरु प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ ।

१५७. नगरपालिकामा अधूरा रहेका बोरिङ् तथा लिफ्टिंङ् खानेपानीका योजनालाई पूर्णताको लागि संघीय र प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ ।

**भाषा र तथा संस्कृति प्रबर्द्धन तर्फः**

१५८. राष्ट्रको गौरब, भानु नगरपालिकाको शान भानु साहित्य उद्यानको निर्माण कार्यलाई तिव्रता प्रदान गर्दै साहित्यिक र संस्कृतिक पहिचानको उत्कृष्ट एवं अन्तर्राष्ट्रिय गन्तव्यको रुपमा स्थापित गरिनेछ ।

१५९. नगरपालिकाभित्र रहेका मौलिक संस्कृतिहरुको संरक्षण र प्रवर्द्धन गर्न विशेष पहल गरिनेछ। साथै चाडपर्व, सामाजिक रितिरिवाजलाई भड्किलो नबनाई सामान्यरुपले मनाउन जनसचेतनामूलक कार्यकमहरु सञ्चालन गरिनेछ ।

१६०. समाजका अशान्ति, विवाद तथा झै-झगडालाई निरुत्साहित गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. कविता, गजल, वक्तृत्वकला लगायतका साहित्यिक कार्यक्रम आयोजना गरिनेछ साथै भानु सम्बन्धी प्रकाशनमा जोड दिईनेछ ।

१६२. पर्यटकीय, पुरातात्विक, ऐतिहासिक एंव सांस्कृतिक विशेषतायुक्त भानु नगरको मौलिकता संरक्षण गर्न विशेष पहल गरिनेछ ।

१६३. भानुको पहिचान विर्के टोपी नगर भित्रका सरकारी कार्यालय, सामुदायिक विद्यालय, टोल आदि स्थलमा लगाउन प्रोत्साहित गरिनेछ ।

१६४. भानु नगरलाई नेपाली र साहित्यको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न समय समयमा भाषिक साहित्यिक, शैक्षिक तथा सांस्कृतिक महत्वका सम्मलेन, गोष्ठी वा प्रदर्शनीको आयोजना गरिनेछ ।

१६५. भानु नगरपालिकामा भानु र भानुभक्तको चिनारी विर्के टोपी विश्व सम्मेलन आयोजनाको लागि संघीय र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## युवा, श्रम तथा रोजगार तर्फः

१६६. रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृति प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ साथै राहदानी र राष्ट्रिय परिचयपत्रको अनलाईन फारम भरी सहजीकरण गरिनेछ ।

१६७. युवाहरुलाई बजार लक्षित कार्यक्रम सञ्चालन गरी साना तथा घरेलु उद्योग स्थापनाको लागि प्रोत्साहन गरिनेछ ।

१६८. नगरपालिकामा उपलब्ध हुने स्रोत तथा साधनहरुलाई एकीकृत गरी रोजगारी प्रवर्द्धन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् "युवा रोजगारीका लागि रुपान्तरण पहल" कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९. सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमलाई नगरस्तरबाट समेत वित्तीय साझेदारी गरी थप प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७०. निर्माण व्यवसायीबाट सम्पन्न हुने आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई संलग्न गराउन प्राथमिकता दिनुपर्ने प्रचलित कानुनलाई मजबुत बनाइनेछ ।

१७१. विकास निर्माणका योजनाहरु छनौट गर्दा श्रममुलक (Labour Intensive) योजनालाई प्राथमिकता दिदै प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत परिचालन गरी रोजगारी सिर्जना गरिनेछ ।

१७२. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१७३. भानु नगरपालिकाबाट विभिन्न देशहरुमा गएका व्यक्तिहरुको तथ्याङ्क सँकलनका लागि MIGRATION PROFILE बनाइनेछ ।

१७४. वैदेशिक रोजगार सुरक्षित मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ, त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ। भानु नगरपालिकाबाट विदेशमा काम लाग्ने खालका सीप लिएर मात्रै वैदेशिक रोजगारिमा जाने वातावरण तयार गरिनेछ ।

१७५. वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गुमाएका परिवारका सन्तानहरु जसले वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्राप्त गर्ने आर्थिक सहायता प्राप्त गर्न सकेका छैनन् उनीहरुलाई पनि सोही अनुसारको छात्रवृत्ति सहायत प्रदान गर्ने व्यवस्था गरिनेछ।

१७६. "अवको जीवन आफ्नो धर्तीमा पसिनाका कण आफ्नो माटोमा" भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास गर्न र रोजगारीमा आवद्धता गर्ने गरी कार्यक्रम संचालन गर्ने नीति अनुरुप उनीहरुको ज्ञान, सीप, दक्षता र अनुभवका आधारमा स्वदेशमै स्वरोजगार हुन चाहने युवाहरुका लागि प्रमुखसँग युवा स्वरोजगार कार्यकमलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग जोडी सञ्चालनमा ल्याइनेछ।

१७७. वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरु (औषधि उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्धार तथा खोजतलास सेवा, कानुनी प्रतिरक्षा सहायता, हकवालालाई आर्थिक सहायता प्रदान आदि) बोर्डसँगको समन्वयमा गरिनेछ ।

# पूर्वाधार विकास

**स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल तर्फः**

१७८. भानु नगरपालिका भित्र रहेका मोटर मार्गहरुको स्तरोन्नति गर्दै खण्ड-खण्ड गरी कालोपत्रे अभियान सञ्चालन गरिनेछ।

१७९. सडक, पुल तथा भवन निर्माण गर्दा प्राकृतिक प्रकोप न्यूनीकरणका उपायहरुलाई अवलम्बन गरिनेछ ।

१८०. विकासे आयोजनाहरुलाई कानुनी जगमा टेकेर उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१८१. नगर भित्र रहेका मोटर मार्गहरुको प्राथमिकता स्तर निर्धारण गरी कालोपत्रे अभियान सञ्चालन गरिनेछ ।

१८२. तुलनात्मक रुपमा बढी लागत पर्ने योजनाहरु प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरी कार्य प्रक्रिया अगाडि बढाइनेछ ।

१८३. सडक सञ्जाल विस्तार तथा विकास कार्यलाई व्यवस्थित बनाउन सडक यातायात गुरुयोजना निर्माण गरिनेछ ।

१८४. भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारीलाई विशेष प्राथमिकता दिइनेछ ।

१८५. बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माणको लागि बालमैत्री तथा अपाङ्गमैत्री नीति तर्जुमा गरी सो को कार्यान्वयनमा जोड दिइनेछ ।

१८६. निर्मित पूर्वाधारहरुको मर्मत सम्भार एंव दिगो व्यवस्थापनका लागि लाभग्राहीको योगदानसहित मर्मत सम्भार कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८७. निर्माणाधीन, निर्मित एंव भावि दिनमा निर्माण हुने पूर्वाधारको गुणस्तरीयता अभिवृद्धि गर्न साथै भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाउन भौतिक पूर्वाधार गुणस्तर मापन प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।

१८८. नगरपालिकाको सवै सघन बस्तीस्तरसम्म बाहै महिना सवारी आवागमन हुन सक्ने गरी सडक सञ्जालको निर्माण गरिनेछ ।

१८९. भानुको समग्र विकास निर्माणमा सार्वजनिक र नीजी साझेदारी अवधारणा अवलम्बन गरिनेछ।

१९०. युवाको क्षमता विकास, युवा बहुप्रतिभाको पहिचान, युवा लक्षित जीवनपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोचको विकास गर्दै स्वंयसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाइनेछ।

१९१. नगरपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य योजनाहरु छनौट गरी सम्बन्धीत तहसँग समन्वय गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

१९२. नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरितका कार्यलाई निरुत्साहित गर्नुका साथै स्थानीय भवन संहिताको कडाइका साथ पालना गरिनेछ।

१९३. असारे विकासको प्रवृत्तिलाई न्यूनीकरण गर्न हरेक वर्ष वैशाख मसान्त भित्र निर्माण कार्य सक्ने गरी आयोजनाको कार्यान्वयन गरिनेछ ।

१९४. नगरपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडकहरुलाई पहिलो प्राथमिकतामा राखी निर्माण स्तरोन्नति तथा कालोपत्रे गरिनेछ ।

१९५. भौतिक पूर्वाधार निर्माण गर्दा दोहोरो नपर्ने गरी एउटै सडकको पनि खण्ड खण्ड गरी कार्यसम्पन्न गरिनेछ ।

१९६. भानु नगरपालिकाबाट बोलपत्र भई हालसम्म पनि कार्य सम्पन्न नगरेका निर्माण व्यवसायीहरुलाई स्पष्टीकरण सोध्ने लगायतका कार्य गरी कालो सुचीमा राख्न सिफारिस गरी वैकल्पिक तवरबाट अधूरा निर्माण कार्यलाई पुरा गरिनेछ।

१९७. उपभोक्ता समितिद्वारा निर्माण गरिने योजनाहरुको अनुगमनलाई थप प्रभावकारी बनाउन उपमेयरको संयोजकत्वमा गठित अनुगमन समितिबाट निरीक्षण तथा सुपरिवेक्षण गराइनेछ । साथै ठेक्का प्रकृयाद्वारा निर्माण गरिने योजनाको सन्दर्भमा सार्वजनिक खरीद ऐन र नियमावली बमोजिम हुनेछ ।

**भवन तथा शहरी विकास तर्फः**

१९८. भवन निर्माण तथा सहजीकरण कार्यलाई व्यवस्थित बनाउन साथै सुरक्षित भवन निर्माण गर्न राष्ट्रिय भवन संहिता अनुरुप स्थानीय भवन मापदण्डको तर्जुमा गरी लागु गरिनेछ ।

१९९. जोखिमयुक्त स्थानमा रहेका बस्तिहरुलाई जोखिम न्यूनीकरण गरी सुरक्षित मानव बस्ती विकास नीतिलाई अवलम्बन गरिनेछ ।

२००. सडक मापदण्ड अनुसार नक्सा पास गरी घर बनाउने नियमलाई कडाइका साथ लागु गुरिनेछ ।

२०१. नगरस्तरीय शहरी विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२०२. साविक स्थानीय निकाय हुँदा बनेका निजी भवन संरचनाहरुलाई अनिवार्य रुपमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

**सिंचाई तर्फः**

२०३. खेतीयोग्य जमिन, खोला नाला तथा जलाशयको उपलब्धताको अवस्था हेरी कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई पूर्वाधारहरुको निर्माण गरिनेछ ।

२०४. सहकारी तथा समुदायको सहभागितामा आधारित सिंचाई प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ ।

२०५. सिंचाई प्रणालीको दीगोपनका लागि उपभोक्ताहरुको स्रोतसहितको सहभागितामा सो को नियमन, मर्मत सम्भार, व्यवस्थापन र उपयोगमा जोड दिइनेछ ।

**सूचना प्रविधि तर्फः**

२०६. सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई विशेष जोड दिइनेछ ।

२०७. कर्मचारी, जनप्रतिनिधि र विद्यालयका शिक्षकहरुलाई सूचना प्रविधि प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. सवै वडाहरुलाई सूचना प्रविधिसंग आवद्ध गरिनेछ ।

२०९. सबै विद्यालयमा इन्टरनेट जडान गरी विद्यालयलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

२१०. विद्युतीय माध्यमबाट गरिने भुक्तानी प्रक्रियालाई प्रभावकारी र थप व्यवस्थित बनाईनेछ ।

२११. कार्यालयको कामकाजलाई Paperless बनाउन सूचना प्रविधिलाई विशेष प्राथमिकता दिईनेछ ।

२१२. नगरपालिकाको संवेदनशील क्षेत्रको सुरक्षाको लागि प्रभावकारी देखिएको सिसिटिभी क्यामरा थप स्थानहरुमा जडान गरी नागरिक सुरक्षा प्रणालीलाई थप ब्यबस्थित गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनः

### वन तथा भू-संरक्षण, वातावरण संरक्षण, विपद् व्यवस्थापन तर्फः

२१३. प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा विपद व्यवस्थापन समिति गठन गरी कार्य संचालन गरिनेछ। वडा स्तरीय विपद कोष स्थापना गर्न पहल गरिनेछ ।

२१४. भू-क्षय र बाढी पहिरो नियन्त्रणका लागि बायो-ईन्जिनियरिङ्मा ध्यान दिई सडक छेउछाउमा वृक्षरोपण कार्यका साथै खाली जग्गामा वृक्षरोपण गरी हराभरा बनाइनेछ ।

२१५. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन गरी प्रचलित नीति, कानुन तथा मापदण्डको पालना गरी नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित बनाईनेछ ।

२१६. वातावरण संरक्षणका लागि वातावरणमैत्री विकास क्रियाकलापमा विशेष जोड दिइनेछ।

२१७. अवैध वन फडानी तथा चोरी निकासी नियन्त्रणका लागि विशेष पहल गरिनेछ।

२१८. विपद सूचना केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ । विपद पूर्व सूचनाको संयन्त्रको विकास र विस्तार गरिनेछ।

२१९. राहत, उद्धार तथा पुनस्थापना कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

२२०. विपदको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइनेछ।

२२१. विपद व्यवस्थापन (विपद पूर्व तयारी, उद्धार, राहत तथा पुनर्स्थापन) लागि विपद व्यवस्थापन कोषमा पर्याप्त बजेट विनियोजन गरिनेछ।

२२२. विपद व्यवस्थापन कार्य गर्दा नेपाली सेना, नेपाल प्रहरी, ससस्त्र प्रहरी बल, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार, संघीय सरकार, राजनीतिक दल लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

२२३. वातावरण संरक्षणका योजनाहरु टोल विकास संस्था, सामुदायिक संस्था, नागरिक समाज, निजी क्षेत्र र गैर सरकारी समाजसंगको सहभागितामा कार्यान्वयन गरिनेछ ।

२२४. विपद ब्यबस्थापनका लागि योजना, रणनीति र कार्य योजना तर्जुमा गरी लागु गरिनेछ ।

२२५. आपतकालीन कार्य सञ्चालन केन्द्रको सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।

२२६. उद्धार राहत सामग्रीहरुको उपयुक्त भण्डारणको व्यवस्था गरिनेछ ।

२२७. कानुनी व्यवस्था अनुरुप सवै आयोजनाहरुमा संक्षिप्त प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन र वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

२२८. भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको विवरण अध्यावधिक गरी वितरण गरिएको निस्साका आधारमा जग्गाको नाप जाँच कार्य सम्पन्न गरी जग्गाको स्वामित्व स्थापित गर्न आयोग समक्ष प्रक्रियागत सिफारिस गरिनेछ ।

२२९. नगरपालिका भित्र रहेका सार्वजनिक जग्गा, सामुदायिक वन क्षेत्रमा रहेका खाली जग्गाहरु, खाली ठाउँहरु एवम् निजी जग्गाहरुमा फलफूल, जडिबुटी एवम् अन्य जंगली फलहरु लाग्ने विरुवा लगाइनेछ ।

२३०. चौतारी निर्माण तथा संरक्षण संबर्द्धन गर्ने कार्यक्रम अन्तर्गत आगामी आवमा एक वडा, एक चौतारी, एक पोखरी निर्माण कार्यको थालनि गरिनेछ ।

२३१. संभावित जोखिम तथा दुर्घटनाको पूर्वानुमान गरी सुरक्षा एवं उद्धारको लागि प्रयोग गरिने साधन औजार उपकरणको पूर्व तयारीको व्यवस्थापन मिलाइनेछ ।

**सरसफाइ व्यवस्थापन तर्फः**

२३२. नगरपालिका भित्र उत्सर्जन हुने फोहोरमैलाको उचित र दिगो व्यवस्थापन गरिनेछ ।

२३३. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि आधुनिक ल्याण्ड फिल्ड साईड निर्माणका लागि आवश्यक पूर्वाधार निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

२३४. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ ।

२३५. वातावरणीय प्रभाव कम गर्ने तथा बजार क्षेत्रबाट निस्कने फोहोरमैलालाई वर्गीकरण गरी विसर्जन गर्न नगरवासीलाई प्रोत्साहनमूलक कार्यक्रम एवं जनसचेतनामूलक कार्यक्रम अवलम्बन गरी नीति बनाईनेछ ।

२३६. फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहरलाई घरमै मल बनाउन नगरवासीलाई प्रोत्साहन गरिनेछ ।

२३७. नगरपालिका क्षेत्रभित्रको फोहरमैलाको दिगो व्यवस्थापनको लागि फोहरको संकलन, ढुवानी र रुपान्तरण गर्न प्रतिस्पार्धात्मक विधिबाट फोहोरमैला व्यवस्थापनको आधुनिकीकरण प्रक्रिया अघि बढाइनेछ ।

२३८. प्रारम्भिक चरणमा फोहरमैला व्यवस्थापनको लागि प्रत्येक वडा र टोल टोलमा विकास संस्था मार्फत पूर्ण सरसफाई अभियानको थालनि गरिने छ। साथै वातावरणमैत्री नगरपालिका निर्माणको लागि सुचक अनुसार कार्य गरिनेछ।

२३९. फोहर संकलनकर्ताहरुको स्वास्थ्यलाई मध्यनजर राख्दै विशेष सजकता साथ आवश्यक सरसफाइ सामग्री निःशुल्क उपलब्ध गरिने छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फः**

२४०. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ। साथै नगरपालिका र वडाहरुमा डिजिटल बोर्डको व्यवस्था क्रमशः विस्तार गरिनेछ।

२४१. सबै क्षेत्रका राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउँदै कामको मूल्यांकन गरी सम्मान गरिनेछ।

२४२. राजश्व संकलन, योजना कार्यान्वयन, सेवा प्रवाहको अवस्था लगायतका सूचकहरु निर्धारण गरी उत्कृष्ट कार्य सम्पादन गर्ने वडा कार्यालयलाई नगरपालिका नमूना वडा पुरस्कार प्रदान गरिनेछ।

२४३. भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । भ्रष्टाचार पूर्णरुपमा समाप्त पारिनेछ ।

२४४. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई अझै चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री बनाइनेछ ।

२४५. कर्मचारीलाई कामप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन उत्तरदायित्व, जवाफदेहिता र पारदर्शितामा विशेष जोड दिइनेछ ।

२४६. तोकिएको समय, लागत र गुणस्तरमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२४७. नागरिक वडापत्रमा उल्लेख भएका कुरालाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२४८. एकीकृत कार्य संचालन कक्ष स्थापना गरी सवै प्रकारका सेवाहरु, सेवाग्राहीले एकै स्थानबाट पाउने व्यवस्था मिलाइनेछ ।उक्त कार्यका लागि नागरिक सुशासन तथा सेवा प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ ।

२४९. सेवा प्रवाहको स्तर मापन गर्न नागरिक सन्तुष्टि सर्वेक्षण र सेवाग्राही सन्तृष्टि सर्वेक्षण जस्ता विधिको अबलम्बन गरिनेछ ।

२५०. कर्मचारीहरुमा सदाचार र नैतिकता कायम गर्ने आवश्यक आचार संहिता र मापदण्डको निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५१. वित्तीय जोखिम न्यूनीकरणका लागि वित्तीय अनुशासन कायम गरिनेछ ।

२५२. बेरुजु न्यूनीकरण गर्न वेरुजु अंकलाई १ प्रतिशत भन्दा कममा झार्न कार्यालयको अभिलेख र प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाइनेछ । बेरुजु फछ्यौटलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२५३. राजश्व परिचालन क्षमता विकास गर्न राजश्व सुधार कार्य योजना कार्यान्वयन गरिनेछ ।

२५४. नगरसभा सञ्चालन प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

२५५. कार्यपालिका बैठक सञ्चालन प्रणाली तथा निर्णय प्रणालीलाई व्यवस्थित एवं पारदर्शी बनाइनेछ ।

२५६. एकिकृत, तादात्म्य, सुस्पष्ट एंव दिगो सोचमा आधारित ऐन, नियम, नीति तथा कार्यविधिहरुको निर्माण गरिनेछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ । आन्तरिक लेखापरिक्षकको क्षमता विकास गरिनेछ । आन्तरिक लेखापरिक्षण प्रणालीलाई स्वतन्त्र, स्वायत्त, सबल, वस्तुनिष्ठ एंव सुदृढ बनाइनेछ ।

२५७. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५८. लेखापालन तथा प्रतिवेदन, अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई व्यवस्थित, प्रभावकारी र वस्तुनिष्ठ बनाइनेछ । नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीचमा एंव प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा / इकाइ बीचमा कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याउने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२५९. मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुरुप वार्षिक वजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२६०. सभा तथा कार्यपालिका अन्तर्गत गठित समितिहरु साथै न्यायिक समितिको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमको व्यवस्था गरिनेछ।

२६१. नगरपालिकाको आन्तरिक र क्षमता अभिबृद्धिको लागि कर दायराको अध्ययन एंव विश्लेषण गरिनेछ। करका दरहरुलाई समयानुकुल बनाइनेछ।

२६२. चालु खर्च कटौटी गर्ने र पूँजीगत खर्च बढाउने दिशामा सम्पूर्ण संयन्त्रको परिचालन गरिनेछ।

२६३. सेवा प्रवाह सम्बन्धी गुनासो, उजुरी सुन्ने र सुनाउने तथा त्यसको समयमानै समाधान गरी सेवा प्रवाहमा सेवाग्राहीको सन्तृष्टि अभिवृद्धिमा जोड दिइनेछ।

२६४. सेवा प्रबाहसम्बन्धी मापदण्डहरु निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

२६५. समयमानै घटना दर्ता गर्ने बानीको विकास गर्न घटनादर्ता सप्ताह अभियान सञ्चालन गरिनेछ ।

२६६. सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडाहरुमा घुम्ती सेवाहरु सञ्चालन गरिनेछ।

२६७. सेवामा नगारिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्न आवश्यक अध्ययन गरिनेछ।

२६८. सेवा प्रबाहमा हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ। सेवाहरुलाई कम्प्युटर प्रविधिमा आधारित तथा इन्टरनेटमा आधारित बनाई Digital Demand, Digitally Serve को नीति अवलम्बन गरिनेछ।

२६९. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, वृद्धवृद्धा एवम् दृष्टिविहिनहरु लगायत सवै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी मानवमैत्री वातावरणको निर्माण गरिनेछ ।

२७०. कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ । कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एबम् जवाफदेही बनाइनेछ।

२७१. पारदर्शिता एबम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ। राजपत्रको नियमित प्रकाशनको व्यवस्था गरिनेछ। नगरपालिकाले तर्जुमा गरेका सबै नीति तथा कानुनहरु नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ। वेवसाइट नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

२७२. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ। नागरिक वडापत्रलाई समयानुकुल अद्यावधिक गरिनेछ ।

२७३. भानु नगरपालिका भित्र रहेका लगत कट्टा नभएका सबै प्रकारका मोटर मार्गहरुको लगत कट्टा गरिनेछ ।

२७४. भानु नगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरुको खोजी गरी संरक्षण र उपयोग गरिनेछ ।

२७५. नगरको तर्फबाट गरिने कार्यक्रमको मासिक र चौमासिक रूपमा वित्तीय तथा भौतिक प्रगति सार्वजनिक गरिनेछ |

**<u>राजश्व परिचालनः</u>**

२७६. राजश्व संकलन विद्युतीय सूचना प्रणालीको आधारमा गरिनेछ ।

२७७. प्रत्येक वडाहरुमा कर अभियान सञ्चालन गरी कर संकलनमा सहजता ल्याउने कार्यलाई नियमिता दिइनेछ ।

२७८. राजश्व परामर्श समितिले दिएको प्रतिवेदनका आधारमा करका दरमा समायोजन, छुट तथा सहुलियत प्रदान गरिनेछ ।

२७९. नगरपालिका भित्र रहेका कर योग्य क्षेत्रलाई करको दायरामा ल्याउने र करहरुलाई समय सापेक्ष बनाउँदै करका दायरा फराकिलो बनाइनेछ ।

२८०. कर प्रक्रियालाई सरलीकृत गर्दै सूचना प्रविधिको प्रयोग बढाई दक्ष र सुदृढ़ राजश्व प्रशासनको सुनिश्चितता गरिनेछ ।

२८१. **"मैले तिरेको कर मेरो विकासको लागि"** भन्ने अवधारणालाई विकास गर्दै नगरवासीहरुमा करको अपनत्व बोध गराउनको लागि उद्योग व्यवसायीहरु संगको समन्वयमा करदाता शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२८२. राजश्व सुधर वर्षलाई निरन्तरता दिँदै **"मैले तिरेको कर मेरो विकासको लागि"** भन्ने अवधारणालाई विकास गर्दै नगरवासीहरुमा करको अपनत्व बोध गराउनको लागि उद्योग व्यवसायीहरु सँगको समन्वयमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

**विविधः**

२८३. सार्वजनिक जग्गा संरक्षण गरी अतिक्रमणलाई पूर्ण नियन्त्रण गरिनेछ ।

२८४. जनताका गुनासो सुन्न "हेलो मेयर रेडियो कार्यक्रम" सञ्चालन गरिनेछ ।

**नगरसभाका सदस्यज्युहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट **"समृद्ध नगर - सुखी नागरिक"** को वृहत्तर हित सहित सहि गन्तव्यमा पुग्नको लागि स्थानीय सरकारको प्रत्येक कार्यहरुको केन्द्रविन्दुमा आम नागरिक हुनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मान र उत्तिकै महत्वको प्रत्याभुति गराइनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबै पक्षहरुबाट सदा झैं सहयोग, खबरदारी र रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दै गरिमामय यस नगरसभाबाट बिदा हुन्छु । धन्यवाद । जय भानु ।

आनन्दराज त्रिपाठी
नगर प्रमुख
भानु नगरपालिका, तनहुँ